# प्रवेशिका परीक्षामा दलितत गैह्र दलित विद्यार्थीको सिकाइ उपलव्धीको तुलना

शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

**शोधपत्र**


शोधकर्ता
गेहेन्द्र दहाल
परीक्षा रोल नं. २१४००३४
त्रि.वि.वि. दर्ता नं. ३५-०११७३४

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शैक्षिक योजना तथा ब्यवस्थापन विभाग
सुकुना बुहुमुखी क्याम्पस
इन्द्रपुर, मोरङ्



२०६६

## शोध निर्देशकको सिफारिश

प्रवेशीका परीक्षाको सिकाइ उपलव्धीको तुलनात्मक अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र श्री गेहेन्द्र दाहालले मेरो निर्देशनमा तयार गर्नु भएको हो । स्थलगत सर्वेक्षण गरी मेहनतपूर्वक स्वतन्त्ररूपमा अध्ययन गरिएको यो शोधपत्रलाई त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभागद्वारा मूल्याङ्कन गर्नको लागि सिफारिस गर्दछु ।

....................................................................

स.प्रा. तोयानाथ अधिकारी
शोध निर्देशक
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुर , मोरङ्

मिति :- २०६६।५।७

# स्वीकृति पत्र

शैक्षिक योजना तथा व्यवस्थापन विषयमा एम. एड्. तहको उपाधिका निमित्त निर्धारित आंशिक आवश्यकताको परिपूर्तिको निमित्त श्री गेहेन्द्र दहालले प्रस्तुत गर्नु भएको प्रवेशीका परीक्षाको सिकाइ उपलब्धीको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| १. श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | ............................ |
| २. श्री तोयानाथ अधिकारी | शोधनिर्देशक | .............................. |
| ३. | शोधसमिति सदस्य | ............................. |
| ४. | बाह्य परीक्षक | ............................... |

मिति :-

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह शैक्षिक योजना तथा ब्यवस्थापन विभाग अन्तर्गत दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि यो शोध पत्र तयार  पारिएको हो । प्रवेशीका परीक्षाको सिकाइ उपलव्धीको तुलनात्मक अध्ययन शीर्षक भित्र रहेर यो शोध कार्य गरिएको छ । पाँच खण्डमा विभाजित यस शोध कार्यमा पहिलो खण्डमा परिचय राखिएको छ भने दोस्रो खण्डमा पूर्व साहित्यको अध्ययन राखिएको छ । त्यसैगरी तेस्रो खण्डमा अध्ययन विधि, चौथो खण्डमा तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण र पाँचौ तथा अन्तीम खण्डमा निष्कर्ष सुझावहरू राखिएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्य देखि शोध कार्यसम्म पूरा गर्नकोलागि महत्वपूर्ण निर्देशन , सल्लाह, सुझाव, हौसला एवम् मार्ग निर्देशन गर्नुहुने मेरा आदरणीय गुरु तथा शोध निर्देशक तोयानाथ अधिकारी प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । सल्लाह र सुझाव दिई अनुसन्धान कार्यमा सहयोग गर्नुहुने श्रद्धेय गुरु सहायक क्याम्पस प्रमुख श्री प्रितकुमार श्रेष्ठ, विभागीय प्रमुख श्री लक्ष्मी श्रेष्ठ साथै आदरणीय गुरुहरू गणेशप्रसाद दाहाल तथा भोजराज घिमिरे प्रति आभारि छु । त्यसैगरी अध्ययन कार्यमा जाँदा सहयोग गर्नुहुने आदरणीय प्र.अ.ज्यूहरू, विद्यार्थी भाइ-बहिनीहरू, ब्यवस्थापन समितिका अध्यक्ष ज्यूहरू, अभिभावक तथा शिक्षक मित्रहरू प्रति आभार प्रकट गर्दछु । आफ्नो अमूल्य समय श्रम, धन खर्च गरेर उच्च शिक्षा  प्राप्त गर्ने अवसर प्रदान गर्नुहुने मेरा बाबु-आमा, श्रीमती, छोरीहरू प्रति सदैव ऋणी छु ।  साथै निरन्तर सल्लाह सुझाव प्रदान गर्नुहुने मित्रहरू सोमनाथ निरौला, वीरबहादुर खड्का, टेकनाथ रेग्मी, बाबुराम पोखरेल, कमला सिवाकोटीलाई धन्यवाद दिन चाहान्छु एवम् श्री टिका निरौंलाज्यू प्रति आभार प्रकट गर्दछु । अन्त्यमा यस प्रतिवेदनलाई टंकनकार्यमा सहयोग पुऱ्याउने यूनिक फोटोकपी एण्ड स्टेशनरी इलामका मित्र रमेश पराजुलीलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

**गेहेन्द्र दाहाल**

**मिति :-२०६६/०५/०६**

# शोधसार

प्रवेशिका परीक्षामा दलित र गैर दलित विद्यार्थीको सिकाइ उपलव्धीको तुलनात्मक अध्ययन गर्ने क्रममा हिन्दुवर्णाश्रम व्यवस्थामा शुद्र वर्ग छोइछिटा लाग्ने भनि जनिएका कामी, दमाई,सार्की, तेली डोम, गाइने जातलाई दलित र सो बाहेकका अन्य जातलाई गैर दलित भनि अध्ययन गरेको छु ।

प्रवेशिका परीक्षामा दलित विद्यार्थीको उपलव्धी गैर दलित विद्यार्थीको भन्दा कस्तो रहेछ भनि आदर्श उ.मा.वि. इलाम स्रोतकेन्द्र अन्तर्गतका ५ माध्यमिक विद्यालयको पाँच वर्षको प्रवेशिका परीक्षाको नतिजाको तुलनात्मक अध्ययन गरिएको छ । अध्ययनको क्रममा प्रवेशिका परीक्षामा दलित विद्यार्थीको शैक्षिक उपलव्धी कति छ ? दलित गैर दलित विद्यार्थीको शैक्षिक उपलव्धीका तुलनात्मक अवस्था कस्तो रहेको छ, दलित विद्यार्थीको उपलव्धी स्तर बढाउन के गर्नुपर्छ जस्ता विषयमा अध्ययन गरिएको छ ।

अध्ययनको सैद्धान्तिक खाकाको रूपमा कार्लमाक्स, म्याक्स वेवर, गेहार्ड लेन्सकी तथा मास्लोका सिद्धान्तहरूलाई प्रयोग गरिएको छ । पूर्व साहित्यहरूको समीक्षा गर्ने क्रममा समसामयिक लेख रचना तथा अध्ययन प्रतिवेदनहरूको समीक्षा गरिएको छ । अध्ययनका लागि इलाम जिल्लाको आदर्श उ. मा.वि. स्रोत केन्द्र अर्न्तगतका नमूनाको रुपमा छनौट गरिएको छ । तोकिएका उद्देश्यहरू पूरा गर्नका लागि प्राथमिक तथा द्वितीय दुवै प्रकारका श्रोतहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनको लागि प्रश्नावलीको माध्यमबाट चिट्ठा पद्धति अनुसार छनोट गरिएका नमूना छनोटमा परेका प्रत्येक विद्यालयका २ शिक्षक, ५ दलित विद्यार्थी, ५ दलित अभिभावक, २ जना विद्यालय निरीक्षकहरूको मत सङ्कलनको लागि तथ्याङ्क सङ्कलन फारमको प्रयोग गरी विद्यालयको एस. एल. सी. मार्कलेजरबाट २०६० देखि २०६४ सम्मको हरेक वर्षको १० /१० जनाको दरले दलित तथा गैर दलित विद्यार्थीहरूको एस. एल. सी. परीक्षाको उपलब्धि लिइएको छ । यसको तथ्याङ्कको प्रस्तुति तथा ब्याख्या विश्लेषणको गणितीय प्रस्तुतिको कारणले यो अनुसन्धान परिमाणात्मक अनुसन्धान बन्न पुगेको छ ।

एस.एल.सी. परीक्षामा दलित विद्यार्थीहरूको औषत उपलब्धि ४२.७८५ तथा गैर दलित विद्यार्थीहरूको उपलब्धि ४८.७४५ रहेको पाइयो । दलित विद्यार्थी प्रति विद्यालय , शिक्षक तथा अन्य विद्यार्थीहरूबाट अन्य विद्यार्थी सरह समान व्यवहार गरेको पाइयो । पाठ्यक्रम तथा पाठ्यपुस्तकले समेत दलित विद्यार्थीहरूलाई विशेष प्रोत्साहन दिन नसकेपनि विभेद नगरेको पाइयो । शिक्षक ,

अभिभावक तथा विद्यालय निरीक्षकहरू सबैले दलित विद्यार्थीहरूलाई शिक्षाको मूल प्रवाहमा समेट्न समताको सिद्धान्तको आधारमा व्यवहार गर्नुपर्दछ  भन्ने कुरामा जोड दिएको पाइयो ।

दलित विद्यार्थीको औषत शैक्षिक उपलब्धि कम देखिएको हुँदा यस तर्फ ध्यान दिई उनीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखियो । दलित विद्यार्थीलाई विशेष प्रोत्साहन हुने गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्नुपर्ने, दलित अभिभावकहरूमा चेतना अभिबृद्धि गर्न सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने, दलित छात्रबृत्तिमा रकम थप गर्ने, अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने, विद्यालय व्यवस्थापन समिति, अभिभावक भेला लगायतका कार्यक्रममा दलित अभिभावकहरूलाई अनिवार्य संलग्न गराउने, विद्यालयमा दलित मैत्री वातावरणको विकास गर्ने, दलित  विद्यार्थीहरू बीच प्रतिस्पर्धा गराइ पुरस्कृत गर्ने जस्ता कार्यक्रहरू विद्यालयले गर्न सके दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धि बृद्धि गर्न सहयोग पुग्दछ ।

# विषय सूचि

## भाग १ परिचय (Introduction)


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| नेपालका दलितको सूचि | ४ |
| एस. एल. सी. परीक्षा | ४ |
| दलितवर्गको शैक्षिक अवस्था | ५ |
| इलाम जिल्लामा दलितको अवस्था | ८ |
| समस्याको कथन | १० |
| अध्ययनको औचित्य | ११ |
| अध्ययनको उद्देश्य | ११ |
| अनुसन्धानात्मक प्रश्नहरू | ११ |
| अध्ययनको परिसीमा | १२ |


## भाग - २ साहित्य समिक्षा


| | |
|---|---|
| अध्ययनको सैद्धान्तिक ढाँचा | १२ |
| अध्ययनको उपादेयता | २० |


## भाग -३ अध्ययन विधि


| | |
|---|---|
| अनुसन्धान ढाँचा | २१ |
| जनसङ्ख्या | २१ |
| नमूना छनोट विधि | २१ |
| अध्ययन सामाग्री | २२ |
| तथ्याङ्क सङ्कलन साधन | २२ |
| तथ्याङ्कको स्रोत | २३ |
| तथ्याङ्कको प्राथमिक स्रोत | २३ |
| तथ्याङ्कको द्वितिय स्रोत | २३ |
| तथ्याङ्क संकलन प्रकृया | २४ |
| तथ्याङ्क विष्लेषण प्रकृया | २४ |

## भाग -४ तथ्याङ्कको ब्याख्या तथा विश्लेषण


दलित विद्यार्थीको एस. एल. सी. परीक्षामा औषत उपलब्धि २५
गैह्र दलित विद्यार्थीको एस. एल. सी. परीक्षाको औषत उपलब्धि २६
दलित र गैह्र दलित विद्यार्थीको शैक्षिक उपलब्धि तुलनात्मक विवरण २७
दलित तथा गैह्र दलित विद्यार्थीको एस. एल. सी. परीक्षाको पाँच वर्षको औषत उपलब्धि रेखा चित्र २८
दलित विद्यार्थी प्रति विद्यालयको ब्यवहार अध्ययन २९
दलित अभिभावकसँग गरिएको प्रश्नावली २९
दलित विद्यार्थीसँग गरिएको प्रश्न ३०
विद्यालय शिक्षकसँग गरिएको प्रश्न ३१
विद्यालय निरिक्षकसँग गरिएको प्रश्न ३३
दलित विद्याथीृको शैक्षिक उपलब्धि बढाउने उपायको खोजी सम्बन्धमा अध्ययन ३४


## भाग -५ प्राप्ति निष्कर्ष एवम् सुझाव


प्राप्ति ४०
निष्कर्ष ४१
सुझावहरू ४२



सन्दर्भसामाग्रीहरू
अनूसूचीहरू
अनूसूचि १
अनूसूचि २
अनूसूचि ३
अनूसूचि ४
अनूसूचि ५